

पत्रकारितामा लेखनवृत्ति अभ्यास

✍ केशव निरौला

(२)


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com






❑ वर्ष-२१ ❑ अंक - १६९ ❑ २०८३ असार १३ गते शनिबार ❑ Saturday, 27 June, 2026 ❑ मूल्य ७ /-


# प्रहरी महानिरीक्षकको मूल्यांकनमा लागुऔषध साझा चुनौति

**◆ झापामा प्रहरीको स्वीप अपरेशन जारी ◆ एकैदिन ४९ जना पक्राउ**

✍ पूर्वसन्देश समाचार

**दमक/** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले नेपालमा लागुऔषधको उत्पादन, बिक्री-वितरण, भण्डारण, ओसारपसार तथा सेवनको असर र प्रभाव तीव्र रुपमा बढ्दै गएकाले यसलाई राष्ट्रिय चुनौतीका रुपमा लिनुपर्ने बताएका छन् ।

शुक्रबार गृह मन्त्रालयमा अन्तर्राष्ट्रिय लागुपदार्थ तथा अवैध तस्करीविरूद्धको दिवसका अवसरमा आयोजित विशेष कार्यक्रममा बोल्दै उनले लागुऔषध नियन्त्रण केवल कानुन कार्यान्वयनको प्राविधिक विषय मात्र नभई जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको गम्भीर चुनौती भएको प्रस्ट पारे ।

युवाहरुको स्वास्थ्य, सुरक्षा र देशको भविष्य तथा सम्भावनामाथि नै यसले गम्भीर घात गर्ने भएकाले यसको रोकथाम, न्यूनीकरण र नियन्त्रणका लागि सबै पक्ष संवेदनशील भएर लाग्नुपर्नेमा उनले विशेष जोड दिए ।

नेपालको पछिल्लो वस्तुस्थितिको तथ्यांक प्रस्तुत गर्दै महानिरीक्षक कार्कीले विगत पाँच वर्षको विश्लेषण गर्दा वार्षिक औसत चार हजार लागुऔषधसम्बन्धी मुद्दा दर्ता हुने र करिब आठ हजार अभियुक्त पक्राउ पर्ने गरेको जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा मात्रै हालसम्म पाँच हजार ४७ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भइसकेका छन्, जसमा ७ हजार ७२५ नेपाली, ३२८ भारतीय र १५ अन्य विदेशी नागरिक गरी कुल आठ हजार ६८ जना अभियुक्त पक्राउ परिसकेका छन् ।

प्रहरीले हालसम्म बरामद गरेको अवैध लागुऔषधको विवरण दिंदै उनले सबैभन्दा बढी ४५ हजार ८५० किलोग्राम गाँजा, ४७७ किलोग्राम चरेस, ४३ किलोग्राम हिरोइन, ५ किलोग्राम ७६८ ग्राम कोकिन तथा १२५ किलोग्राम ६६ ग्राम अफिम बरामद गरिएको बताए ।

यो भयावह अवस्थालाई चिर्न र लागुऔषधको जालो तोड्नका लागि सुरक्षा निकाय, सरकारी अंगहरु, समुदाय, अभिभावक र नागरिक समाजबीचको समन्वय र सहकार्यलाई अझ सुदृढ एवं प्रभावकारी बनाउनुपर्ने उनको भनाइ थियो ।

झापामा प्रहरीको स्वीप अपरेशन जारी

यसैविच स्वीप अपरेशन जारी राखेको झापा प्रहरी लागूऔषध नियन्त्रणका लागि निर्ममताका साथ लागिपरेको छ । प्रहरीले एकैदिन ५५ ग्राम ब्राउन सुगरसहित ४९ जनालाई पक्राउ गरेको हो ।

विहिवार विहान १० देखि साँझ ६ बजेसम्म जिल्ला प्रहरी कार्यालय झापा, लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टा तथा मातहत कार्यालयबाट खटिएको स्वीप अप्रेशन प्रहरी टोलीले विभिन्न स्थानहरुमा शंकास्पद अवस्थामा हिडडुल गर्ने



लागूऔषध सेवनकर्ताहरू ३७ जना पुरुष र एकजना महिलालाई पक्राउ गरेको थियो । त्यस्तै ५५ ग्राम ९५० मिलिग्राम ब्राउन सुगरसहित ११ जना कारोबारी पक्राउ परेका छन् ।

लागूऔषध सेवनकर्ताहरुलाई मनोपरामर्श सेवा प्रदान गरी आवश्यकता अनुसार अभिभावकको जिम्मा लगाउने तथा पुनर्स्थापना केन्द्रमा पठाउने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी रञ्जन अवाले बताए । लागूऔषधसहित निम्न मानिसहरू पक्राउ परेको उनले जानकारी दिएका छन् । दमक नगरपालिका वडा नं. ८ बस्ने बर्ष ३२ का इन्द्रप्रसाद गिरी र वडा नं ७ निलकण्ठ टोल बस्ने बर्ष ३८ की सन्जु खत्रीको साथबाट प्लाष्टिकबाहेक ४४ ग्राम ४६० मिलिग्राम ब्राउन सुगर बरामद भएको छ । त्यस्तै बिर्तामोड नगरपालिका वडा न. २ बस्ने बर्ष ३५ का अनिल लुईटेलको साथबाट प्लाष्टिकबाहेक ३५०मिलिग्राम ब्राउन सुगर बरामद भएको छ ।

बाँकी ४ पेजमा ▸▸

## ३३ जना नेता-कार्यकर्ताले छोडे विप्लवको साथ

**दमक/** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी ( माओवादी) मा रुपन्देहीबाट प्रतिनिधित्व गरेका पाँच केन्द्रीय सदस्यसहित ३३ जना नेता-कार्यकर्ताले आज पार्टीका सम्पूर्ण जिम्मेवारीबाट मुक्त भएको सार्वजनिक घोषणा गरेका छन् । उनीहरुले संयुक्त रुपमा पार्टी तथा पार्टीले दिएको सम्पूर्ण जिम्मेवारी परित्याग गरेको जनाएका छन् । यसरी पार्टी छाड्नेमा केन्द्रीय सदस्यहरू शरद ओली, जय पौडेल, विष्णु तिवारी, शंकर ज्ञवाली र मदन थारू रहेका छन् । त्यसैगरी जिल्ला सचिवालय सदस्य, जिल्ला सदस्य तथा पालिका तहका विभिन्न पदाधिकारीसहित ३३ जनाले संयुक्त रूपमा घोषणापत्रमा हस्ताक्षर गरेका छन् ।

## विष्णु पौडेलको रिटमाथि १६ असारमा सुनुवाइ

**दमक/** नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलका तर्फबाट सर्वोच्च अदालतमा दायर गरिएको बन्दीप्रत्यक्षीकरणको रिटमाथिको सुनुवाइ यही असार १६ गते हुने भएको छ । पौडेलकी श्रीमती दोमाया पौडेलले उनलाई गैरकानुनी रूपमा थुनामा राखिएको उल्लेख गर्दै यही असार १० गते अदालतमा रिट निवेदन दिएकी थिइन् । उक्त रिटका सम्बन्धमा न्यायाधीश श्रीकान्त पौडेलको इजलासले असार १५ गते महान्यायाधिवक्ताको कार्यालयसँग लिखित जवाफ माग गर्ने र असार १६ गते सुनुवाइ गर्ने आदेश दिएको हो । उपाध्यक्ष पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा यही असार ८ गते सुर्खेतबाट पक्राउ गरी यही असार ९ गते विशेष अदालत काठमाडौँमा उपस्थित गराइएको थियो । विशेष


बाँकी ४ पेजमा ▸▸

# अझै एउटा निर्णायक 'क्रमभंग' बाँकी छ : अध्यक्ष प्रचण्ड

**दमक/** नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले आ ँनो राजनीतिक जीवनमा अझै एउटा निर्णायक 'क्रमभंग' बाँकी रहेको उद्घोष गरेका छन् । विराटनगरमा आयोजित प्रदेश कमटीको बैठकलाई सम्बोधन गर्दै प्रचण्डले आफू राजनीतिबाट विश्राम लिने पक्षमा नरहेको स्पष्ट पारे ।

'प्रचण्डको अन्तिम क्रमभंग हेर्न बाँकी नै छ,' उनल भने , 'म बुद्ध भिक्षु भएर घण्टी बजाउन आएको होइन, फेरि एकपटक देशलाई समाजवादी आन्दोलनतिर लैजान क्रमभंग गरिनेछ ।' अध्यक्ष प्रचण्डले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति कडा कटाक्ष गर्दै उनीहरुले आफ्नो वास्तविक चरित्र छिट्टै उदांगो पारेको टिप्पणी गरे ।

रास्वपालाई व्यंग्यात्मक



शैलीमा धन्यवाद दिंद उनले भने 'उनीहरुले छिट्टै आफू को हो भन्ने कुरा क्लियर गरिदिए । अब हाम्रा साथीहरु उता जाने लोभ ६० प्रतिशतले घटिसकेको देखेको छु । अब बरू पोले पनि घामै जाती, पिटे पनि आफ्नै आमा जाती, आफ्नै पार्टी जाती ।'

प्रचण्डले आगामी महाधिवेशनसम्म पुग्दा तल्लो तहदेखि केन्द्रसम्मै निर्वाचित नेतृत्व स्थापित गर्ने घोषणा गरे । युवा पुस्तामा नेतृत्व सुम्पन आफू आतुर रहेको बताउँदै उनले अब यसलाई जिताउनुस् भनेर कसैलाई नतोक्ने र कार्यकर्ताको हातमा अधिकार दिने प्रतिबद्धता व्यक्त गरेका छन् । विगतका रणनीतिक गल्तीहरु सुधार्दै नयाँ ढङ्गको पार्टी निर्माण गर्ने उनके भनाइ थियो ।

नेकपा र बलिदानको जगमा उभिएको भन्दै प्रचण्डले यसलाई हड्डी भएको पार्टीको संज्ञा दिएका छन् । 'यो पार्टी अल्गोरिदमको म्यानिपुलेसन वा विदेशी डलर खाएर बनेको होइन, आ ँनै रगत पसिनाले बनेको हो,' उनले भने अझै पनि देश र राष्ट्रिय स्वाधीनताका निम्ति लड्ने हजारौं कार्यकर्ता यसै पार्टीमा छन्, जसमा अझै दम बाँकी छ ।'

राजनीतिक समीकरणबारे बोल्दै प्रचण्डले नेकपा (एमाले) सँग तत्काल पार्टी एकता नभए

बाँकी ४ पेजमा ▸▸

# रास्वपा महामन्त्रीमा आचार्य, उपसभापतिमा गौतम विजयी

दमक/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशनबाट महामन्त्रीमा विपिनकुमार आचार्य निर्वाचित भएका छन् । निर्वाचन समितिले औपचारिक परिणाम सार्वजनिक गर्न बाँकी रहे पनि प्रतिस्पर्धी मनिष झाले आचार्यको जित सुनिश्चित भएको जानकारी दिंदै बधाइ दिएपछि उनको विजय निश्चित भएको हो ।

निर्वाचित भएपछि आचार्यले महाधिवेशनमार्फत पार्टी संस्थागत रूपमा नयाँ चरणमा प्रवेश गरेको बताउँदै संगठनलाई थप सुदृढ र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

सहमहामन्त्री (खुला) मा असीम शाह र हरि ढकाल निर्वाचित भएका छन् भने महिला सहमहामन्त्रीमा निशा डाँगी विजयी भएकी छन् ।

यसअघि सम्पन्न निर्वाचनबाट उपसभापतिमा सोबिता गौतम निर्वाचित भएकी थिइन् । उनले ७८९ मत प्राप्त गर्दै निकटतम प्रतिस्पर्धी तोसिमा कार्कीलाई पराजित गरिन् । कार्कीले ५७२ मत प्राप्त गरेकी थिइन् ।

निर्वाचन समितिका अनुसार पदाधिकारी निर्वाचनमा कुल एक हजार २८९ मत खसेको थियो । यसअघि केन्द्रीय सदस्य चयनका लागि भएको मतदानमा भने दुई हजार ९५९ मत खसेको थियो । पदाधिकारी निर्वाचनअघि केही प्रतिनिधि मतदान नगरी फर्किएपछि मतदान गर्ने प्रतिनिधिको संख्या उल्लेख्य रूपमा घटेको समितिले जनाएको छ । केन्द्रीय सदस्य निर्वाचनको तुलनामा पदाधिकारी निर्वाचनमा एक हजार ६७० मत

बाँकी ४ पेजमा ▸▸



## झापाबाट तीनजना महिला केन्द्रीय सदस्यमा निर्वाचित

**दमक/** झापाबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय सदस्यमा तीनजना निर्वाचित भएका छन् । निर्वाचित हुने तीनैजना महिला हुन् । राष्ट्रिय खुल्लातर्फ निशा डाँगी २१३२ र इन्दिरा राना मगर २०९० मत ल्याउँदै केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । त्यस्तै प्रादेशिक कोशीमा कल्पना थापा ९५१ मत ल्याई केन्द्रीय सदस्यमा जितेकी छन् । झापाबाट पाँचजनाले केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका थिए । जिल्लाका पाँचजना सांसदमध्ये क्षेत्र नं १ बाट निशा डाँगी , २ बाट इन्दिरा राना मगर र ३ बाट प्रकाश पाठक उम्मेदवार बनेका थिए ।

## दुर्घटनामा चालकको मृत्यु

**दमक/** पाँचथरको फालेलुङ गाउँपालिका-२ जिमाहामा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । दुर्घटनामा परेर थप एक जना घाइते भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख (डीएसपी) अनिषकुमार कर्णका अनुसार बिहीबार राति करिब साढे आठ बजे मे १ त ३५५६ नम्बरको ट्याक्टर अनियन्त्रित भई दुर्घटना भएको हो ।

दुर्घटनामा ट्याक्टर चालक फिदिम नगरपालिका-३ स्कुलडाँडा निवासी २४ वर्षीय राजेश मुखियाको मृत्यु भएको प्रहरीले जनाएको छ । त्यसैगरी ट्याक्टरमा सवार फालेलुङ गाउँपालिका-१ ठाडे लसुने निवासी ४० वर्षीय, 'युगे' भनिने योगबहादुर जबेगु घाइते भएका छन् । उनको अनुहारमा चोट लाग्नुका साथै दायाँ हात र बायाँ खुट्टा चल्न नसक्ने अवस्था रहेको प्रहरीले जनाएको छ । घाइते जबेगु बोल्न सक्ने अवस्थामा रहेको बताइएको छ । अविरल वर्षाका कारण दुर्घटनास्थलमा तत्काल प्रहरी पुग्न कठिनाइ भएको थियो ।

# प्रचण्ड, माधव र शेखरबीच भेट

**मोरङ/** नेपाली कम्युनिस्ट पार्टी ( नेकपा)का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालासँग विराटनगरस्थित कोइराला निवासमा गोप्य भेटवार्ता गरेका छन् । शुक्रबार बिहान भएको झण्डै ४५ मिनेट लामो भेटमा मुलुकको समसामयिक राजनीतिक अवस्था, संसद्को भूमिका, नेपाली कांग्रेसको पछिल्लो अवस्था तथा राष्ट्रिय सरोकारका विषयमा छलफल भएको नेताहरुले बताएका छन् ।

भेटपछि सञ्चारकर्मीसँग कुरा गर्दै प्रचण्डले समसामयिक राजनीतिक विषयमा



केन्द्रित रहेर कुराकानी भएको बताए ।

सहसंयोजक माधवकुमार नेपालले पनि भेटलाई सामान्य राजनीतिक संवादका रुपमा व्याख्या गर्दै देशको समसामयिक अवस्थाबारे विचार आदानप्रदान भएको बताए ।

बाँकी ४ पेजमा ▸▸

# धिमाल होमस्टे सञ्चालनमा

***दमक/** धिमाल समुदायको भाषा, संस्कृति, परम्परा, खानपान र जीवनशैलीलाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले धिमाल होमस्टे (घरबास) सञ्चालनमा आएको छ । मोरङको बेलबारी नगरपालिका-१० स्थित माटीगाउँमा होमस्टे सञ्चालनसँगै धिमाल जीवित संग्रहालय (लिभिङ म्युजियम) निर्माणको काम पनि अघि बढाइएको छ ।*

*धिमाल समुदायको ऐतिहासिक, सांस्कृतिक र सामाजिक जीवनलाई एकै स्थानमा अवलोकन गर्न सकिने गरी सुरु गरिएको यो संग्रहालयलाई धिमाल समुदायको पहिचान संरक्षणसँगै पर्यटन प्रवर्द्धनको महत्वपूर्ण आधारका रूपमा हेरिएको छ ।मोरङ र झापाका तराई क्षेत्रमा मुख्य बसोबास रहेको धिमाल समुदायलाई मोरङको बेलबारी, पथरीशनिश्चरे नगरपालिका र झापाको दमक नगरपालिकाले 'प्रथम नागरिक' का रूपमा सम्मान गर्दै आएका छन् ।*

*सोही सम्मानलाई व्यवहारमा उतार्ने उद्देश्यले बेलबारी नगरपालिकाले माटीगाउँमा धिमाल जीवित संग्रहालय र होमस्टे निर्माणको अवधारणा अघि सारेको हो । मोरङको बेलबारी-१० स्थित माटीगाउँलाई धिमाल समुदायको सघन बसोबास भएको क्षेत्र मानिन्छ ।*

*मोरङको कानेपोखरीस्थित कालीकोशी, उर्लाबारीको आमबारी, बेलबारीकै डाँगीहाट, दमकको अर्नाखाडी र नलबारीमा पनि धिमालहरूको बसोबास छ । तर एउटै बस्तीमा १ सय २१ घरधुरी धिमाल समुदाय रहेको यो गाउँ धिमाल संस्कृति अध्ययनका लागि महत्वपूर्ण मानिन्छ ।*

*माटीगाउँ टोल विकास संस्थाका अध्यक्ष जोगेन्द्र धिमालका अनुसार होमस्टे सञ्चालनका*

बाँकी ४ पेजमा ▸▸


**दमक नगरपालिका दमक झापाको**

**जनहितमा जारी सूचना**

- फुटपाथ तथा सडक अवरोध हुने गरी कुनै पनि व्यवसाय गतिविधि नगरौं ।
- बजार क्षेत्रभित्रको सडकमा सवारी साधन पार्किङ गर्दा नपाको नियम अनुसार १५/१५ दिनको एकतर्फी पार्किङलाई कार्यान्वयन गरौं ।
- सार्वजनिक क्षेत्रमा फोहोर मैला नगरौं ।
- सडक निर्माण सामग्री राखेर अवरोध नपुऱ्याऔं ।
- माइकिङ गरेर व्यवसाय गरी ध्वनी प्रदुषण गर्ने कार्य बन्द गरौं ।
- शहरको सौन्दर्यलाई बाधा पुग्ने गरी पाल, त्रिपाल, झलर, लगाई व्यवसाय नगरौं ।
- सफा, सुन्दर र व्यवस्थित नगरको अवधारणा बनाउनु हरेक नगरबासीको कर्तव्य नभुलौं ।

संस्मरण



# सिक्किमको वाङ्मयिक विकास

डा. तुलसी भट्टराई

**केही, अन्य प्रसंगहरु**

रूद्र पौड्यालसँग सन् १९६८ तिर भेट भएको हो । बनारसमा करीब तीन वर्ष जति हामी सँगसँगै रह्यौं -विद्यार्थी बेलामा । चालीस वर्ष अघिदेखिको हाम्रो मित्रता आज पनि यथावत् छ । उनी सिक्किमको शिक्षा विभागका वरिष्ठ पदमा आसीन छन् ।

मैले व्यक्तिगत रूपमा चिने जानेका स्रष्टाहरूमा नन्द हाङखिम, डा. घनश्याम नेपाल, वीरभद्र कामीढोली, कालुसिंह रहपहेली, टी.वी. चन्द्र, समीरण क्षेत्री, लालबहादुर बस्नेत, पूर्ण राई आदि हुन् ।

शिव प्रधानसँग मेरो धेरै घनिष्टता थियो । 'नेपाली बृहत् समालोचना' छाप्ने क्रममा सन् १९७८ तिर उनले मलाई काठमाडौंदेखि बोलाएर बनारस पुऱ्याएका थिए । त्यहाँ एकमहिना सँगै बसेर त्यस कृतिको संयोजन गर्न सघाएको थिएँ ।

पछि पनि श्री प्रधानसँग भेट भइरहन्थ्यो । उनी प्रत्येक वर्ष काठमाडौं आएर महिना-पन्ध्र दिन बस्दथे । कहिले काहीं परिवार समेत आउने बस्ने गर्दथे । म गान्तोक गएका बेला उनका घरमा पुगेर कुराकानी गरेको थिएँ । उनले नेपाली बृहत् समालोचना भाग दुई निकाल्ने कुरा गरेका थिए । "काठमाडौं बसेर तयार गर्ने विचार भएको कुरा पनि बताएको थिए । यसका लागि सहयोग गर्न पनि भनेका थिए । त्यस भेटमा अरू अरू धेरै कुरा भएका थिए । उनका कतिपय महत्वाकांक्षी योजना पनि सुनाएका थिए उनले ।

प्रतिवाद गर्ने र विरोध जनाउने मेरो बानी छैन । सुन्ने, गुन्ने र आफूलाई जाँचेको ग्रहण गर्ने । कसैको चित्त दुखाउनेतिर नलाग्ने बानी छ । श्रीप्रधानकी पत्नी अर्थात् भाउजु निकै कडा मिजासकी झैं लागेको हो-त्यतिबेला । सबै कुरा आफैंले गरेको भन्ने, सबै कुरा जान्ने । त्यसो त शिव प्रधान पनि निकै नै गफ गर्ने व्यक्ति हुन् । उनले नजानेको र नबुझेको केही थिएन झैं । राजनीतिमा सिक्किमदेखि दिल्लीसम्म । पत्रकारितामा काशीराज प्रधानदेखि यताको सबै उनकै देन । साहित्यमा पनि दुई दर्जन कृति रचिसकेका । उद्योग व्यवसायमा पनि अगुवा, प्रेसप्रकाशन पनि उनकै सबैभन्दा राम्रो । मैले ट्वाल्ल परेर सुन्ने बाहेक उत्तर दिने कुरा हुँदैनथ्यो ।

**स्मृतिमा मात्र केही स्रष्टा**

सिक्किमेली स्रष्टाहरूमा मैले पढेका र चिनेका जीवन थीङ र डा. शोभाकान्ति थेगिमको असामयिक निधन पनि सम्पूर्ण नेपाली वाङ्मयकै लागि अपूरणीय क्षति हो । राम्रा मानिसहरले छिटै संसार छोड्ने गरेका उदाहरण धेरै छन् ।

त्यस्तै होटल टिवेटमा भेट चिनारी पछि "आफ्नो माटोको सुगन्ध र मीमांसा" दुईवटा कथा संग्रह मेरा हातमा राखेर नमस्कार आदन प्रदान पछि विदा भएकी कमला आँसुका कृतिहरु पढ्दै थिएँ । उनका कृतिबारे केही लेख्ने विचार गर्दैगर्दा सुदर्शन श्रेष्ठबाट उनी पनि धर्तीबाट उठिन् भन्ने खवर पाएर छक्क परेथें ।

कथा क्षेत्रमा राम्रो नाम चलाइसकेकी कमला आँसुसँगको भेटमा भनेको थिएँ - अहिले राम्रा र स्तरीय उपन्यासको खाँचो छ । त्यो तपाईंबाट पुरा होस् । उनले पनि केही उपन्यासहरु तयार पार्दै गरेकी बताएकी थिइन् । तर सँधैका लागि गइन् । करीब पन्ध्रवर्षअघि काठमाडौंमा गोपाल गाउँलेसँग भेट भएको संझना छ । पत्रिका संपादन, पुस्तक लेखन र अन्य विभिन्न गतिविधिमा सक्रिय गोपालजीसँग त्यतिबेला समसामयिक सन्दर्भमा धेरै कुराकानी भएथे । उनी धेरै कामको जिम्मा लिएका सक्रिय मान्छे जस्तो लागेका थिए । पछि मात्र थाहा पाएँ- उनी पनि सदाका निम्ति विदा भएछन् । क्रमशः

# पत्रकारितामा लेखनवृत्ति अभ्यास

**राज्यको चौथो अंग मानिने पत्रकारिता क्षेत्रमा लेखनवृत्तिको आवश्यकता र फाइदालाई बहुआयामिक दृष्टिकोणबाट विवेचना गर्नुपर्ने हुन्छ । यसको सबैभन्दा ठुलो फाइदा पत्रकारलाई 'वित्तीय सशक्तीकरण' र 'समयको स्वतन्त्रता' दिनु हो ।**



केशव निरौला

नेपाली पत्रकारिता क्षेत्रमा पछिल्लो समय लेखनवृत्ति (फेलोसिप) कार्यक्रमको अभ्यास विस्तार हुँदै गएको छ । सरकारी निकाय, गैरसरकारी संस्था तथा पत्रकारितासम्बद्ध सङ्गठनहरूले पत्रकारलाई खोजमूलक र प्राज्ञिक सामग्री उत्पादन गर्न प्रोत्साहनस्वरूप लेखनवृत्ति उपलब्ध गराउन थालेका छन् । कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले 'पत्रकार लेखनवृत्ति कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८२' अनुसार ५१ जना पत्रकार छनोट गरी सुशासन र प्रादेशिक विषयमा अनुसन्धानात्मक सामग्री तयार पार्ने जिम्मेवारी दिएको अभ्यास यसको उदाहरण हो ।

लेखनवृत्ति कुनै आर्थिक सहायता वा परोपकार होइन । यो समाजका गम्भीर र नीतिगत रूपमा सम्बोधन हुनुपर्ने विषयमा तथ्यमा आधारित अनुसन्धान गर्न पत्रकारलाई दिइने बौद्धिक प्रोत्साहन हो । यसले पत्रकारलाई दैनिक समाचारको चापबाट केही समय मुक्त गराई गहिरो अध्ययन, तथ्य संकलन र विश्लेषण गर्ने अवसर प्रदान गर्छ । त्यसैले यसलाई पत्रकारितामा नवप्रवर्तन र श्रमको सम्मानका रूपमा बुझ्न आवश्यक छ ।

तर नेपालमा लेखनवृत्तिको वास्तविक उद्देश्यअनुसार काम गर्ने अभ्यास अझै बलियो भइसकेको छैन । कतिपय अवस्थामा फेलोसिपलाई सामान्य समाचार लेख्ने वा सम्बन्धित संस्था वा सरकारी निकायका गतिविधिको विवरण प्रस्तुत गर्ने माध्यमका रूपमा प्रयोग गरिएको पाइन्छ । संस्थागत प्रतिवेदन, योजना वा पदाधिकारीका भनाइलाई मात्रै आधार बनाएर तयार गरिएका सामग्रीले न लेखनवृत्तिको उद्देश्य पूरा गर्छन्, न त त्यसमा गरिएको लगानीको उचित प्रतिफल दिन्छन् ।

आज सूचना तत्काल सामाजिक सञ्जाल र डिजिटल माध्यमबाट सार्वजनिक




भइरहेका बेला पत्रकारिताको वास्तविक मूल्य खोजमूलक सामग्रीमा निहित छ । पाठकले समाचार मात्र होइन, त्यसको पृष्ठभूमि, कारण, प्रभाव र समाधान खोजिरहेका हुन्छन् । त्यसैले लेखनवृत्तिको उपयोग समाजका ओझेलमा परेका विषय उजागर गर्ने, नीतिगत कमजोरी पहिचान गर्ने र सार्वजनिक सरोकारका मुद्दामा गहिरो अध्ययन गर्ने माध्यमका रूपमा हुनुपर्छ ।

लेखनवृत्तिको स्वरूप पनि उपलब्ध गराउने संस्थाको उद्देश्यअनुसार फरक हुन्छ । स्थानीय तहले प्रदान गर्ने फेलोसिप स्थानीय विकास, शिक्षा, स्वास्थ्य, कृषि, संस्कृति वा वातावरणसँग सम्बन्धित जनस्तरका मुद्दामा केन्द्रित हुनुपर्छ । यस्ता सामग्रीमा तथ्याङ्क मात्र होइन, स्थानीय अनुभव, नागरिकका भोगाइ र नीतिको वास्तविक प्रभाव समेटिनु आवश्यक हुन्छ ।

प्रदेश सरकारको लेखनवृत्तिले अन्तरजिल्ला समन्वय, बसाइँसराइ, प्रादेशिक गौरवका आयोजना, नीति कार्यान्वयन र सुशासनजस्ता विषयको तुलनात्मक अध्ययन गर्न सक्छ । त्यस्तै सङ्घीय सरकार वा केन्द्रीय निकायबाट प्रदान गरिने लेखनवृत्ति राष्ट्रिय नीति, सङ्घीयता कार्यान्वयन, वित्तीय सुशासन, जलवायु परिवर्तन, कानुनी सुधार वा अन्य राष्ट्रिय महत्वका विषयमा केन्द्रित हुनु उपयुक्त हुन्छ । यस्ता अध्ययनले नीति निर्माण र सुधारमा प्रत्यक्ष योगदान पुऱ्याउन सक्छन् ।

स्तरीय लेखनवृत्तिको आधार अनुसन्धान पद्धति हो । यो सामान्य समाचार वा निबन्धजस्तो हतारमा तयार गरिने सामग्री होइन । राम्रो फेलोसिप सामग्रीमा स्पष्ट अनुसन्धान प्रश्न, समस्या कथन, अध्ययनको उद्देश्य, अनुसन्धान विधि, तथ्य संकलन प्रक्रिया, विश्लेषण, निष्कर्ष र सुझावजस्ता आधारभूत अवयव समावेश हुनुपर्छ । विषय चयन पनि सकेसम्म विशिष्टीकृत हुनुपर्छ । उदाहरणका लागि, 'शिक्षाको अवस्था' जस्तो व्यापक शीर्षकभन्दा 'सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको बजेट कार्यान्वयनका चुनौती' जस्तो केन्द्रित विषयले अनुसन्धानलाई बढी प्रभावकारी बनाउँछ ।

अनुसन्धानबाट प्राप्त तथ्यलाई विद्यमान कानुन, नीति तथा अघिल्ला अध्ययनसँग तुलना गरी विश्लेषण गर्नु आवश्यक हुन्छ । अन्तिम निष्कर्ष समाधानमुखी र प्रमाणमा आधारित हुनुपर्छ । यस्ता सामग्रीले मात्र नीति निर्माता, सरोकारवाला र आम नागरिकका लागि उपयोगी सन्दर्भ सामग्रीको काम गर्न सक्छन् ।

विश्वका विकसित मुलुकमा खोज पत्रकारिता बलियो हुनुको एउटा प्रमुख कारण स्वतन्त्र लेखनवृत्ति कार्यक्रम पनि हो । पुलित्जर सेन्टर, द ब्युरो अफ इन्भेस्टिगेटिभ जर्नलिज्म, ग्लोबल इन्भेस्टिगेटिभ जर्नलिज्म नेटवर्क (जीआईजेएन), हार्वर्ड विश्वविद्यालयको निम्यान फेलोसिप तथा रोयटर्स इन्स्टिच्युटजस्ता संस्थाले पत्रकारलाई अनुसन्धानका लागि समय, स्रोत र आर्थिक सहयोग उपलब्ध गराउँदै आएका छन् । यस्ता कार्यक्रमले पत्रकारलाई गहिरो अनुसन्धान गर्न सक्षम बनाउनुका साथै शासन प्रणालीलाई थप उत्तरदायी बनाउन योगदान पुऱ्याएका छन् ।

नेपालमा पनि यस्ता कार्यक्रमलाई अझ व्यवस्थित, पारदर्शी र अनुसन्धानमुखी बनाउन आवश्यक छ । नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल नेपाल, विश्वविद्यालय तथा सञ्चारसम्बद्ध संस्थाले सरकारी निकायसँग सहकार्य गर्दै स्वतन्त्र र प्रतिस्पर्धात्मक लेखनवृत्ति कार्यक्रम विस्तार गर्नुपर्ने देखिन्छ ।

लेखनवृत्तिको सबैभन्दा ठूलो उपलब्धि भनेको पत्रकारलाई समय र आर्थिक स्वतन्त्रता प्रदान गर्नु हो । यसले पत्रकारलाई एउटै विषयमा हप्ताैं वा महिनौँसम्म अध्ययन गर्ने अवसर दिन्छ । परिणामस्वरूप कपी-पेस्ट वा डेस्क पत्रकारिताको प्रवृत्ति घटेर गुणस्तरीय, प्रमाणमा आधारित र सार्वजनिक सरोकारका सामग्री उत्पादन हुने सम्भावना बढ्छ ।

यससँगै लेखनवृत्तिले पत्रकारको विषयगत दक्षता पनि विकास गर्छ । स्वास्थ्य, शिक्षा, कृषि, वातावरण, कानुन, प्रविधि वा अर्थतन्त्रजस्ता क्षेत्रमा निरन्तर अनुसन्धान गर्ने पत्रकार सम्बन्धित विषयमा विशेषज्ञतासमेत हासिल गर्न सक्छन् । यसले पत्रकारिताको बौद्धिक स्तर उकास्नुका साथै नीति निर्माण, सुशासन र सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । त्यसैले लेखनवृत्तिलाई केवल अनुदानका रूपमा होइन, खोज पत्रकारिता, ज्ञान उत्पादन र लोकतान्त्रिक उत्तरदायित्वलाई बलियो बनाउने प्रभावकारी माध्यमका रूपमा विकास गर्नु आजको आवश्यकता हो ।

(गोपबाट सम्पादित)

# विभाजनको बाटोमा कांग्रेस

काठमाडौं । कांग्रेस विभाजन भएरै छोड्ने अवस्थामा पुगेको छ । कांग्रेसको केन्द्रिय पार्टी कार्यालय सानेपामा हुँदा-हुँदै देउवा र कोइराला पक्षले छुट्टै पार्टी सम्पर्क कार्यालय खोल्ने भएपछि काँग्रेस विभाजनको बाटोमा पुनः गएको टिप्पणी गरिन थालेको छ ।

देउवा र कोइरालाका समूहले आपसमा मिलेर छुट्टै काठमाडौंको महाराजगन्जमा रहेको अमेरिकन दुतावास नजिक चुनदेवीमा कार्यालय खोल्ने तयारी गरेका छन् ।

काँग्रेसको १५औं महाधिवेशनका लागि देउवा र कोइराला पक्षले चुनदेवीमा सम्पर्क कार्यालय खोल्न लागेको देउवा पक्षिय नेता मीन विश्वकर्माले बताएका छन्।

काँग्रेसको विशेष महाधिवेशनबाट सभापतिमा गगन थापा आए पनि त्यसलाई देउवा र कोइराला समुहले स्विकारेका छैनन् । जसको विवादले पार्टी फुटेसरह नै दुबै पक्षका गतिविधि सतहमा आएका छन् । काँग्रेसभित्रको कलहले चर्को रूप लिएपछि पार्टीका नेता कार्यकर्तामा निरासा छाएको छ ।

# राष्ट्रिय खेलाडी उत्पादन गर्दै बेलबारी फुटबल क्लब

मोरङ/मोरङको बेलबारीस्थित बेलबारी फुटबल क्लबले सीमित आर्थिक स्रोतसाधनका बाबजुद राष्ट्रिय टोली तथा 'ए डिभिजन' स्तरका खेलाडी उत्पादन गर्दै मोफसलको फुटबलमा आˆनो छुट्टै पहिचान स्थापित गरेको छ ।

हालै धनकुटामा सम्पन्न सहिद भीमनारायण गोल्डकपको उपाधि जितेको क्लबले चार पटक जिल्ला ए डिभिजन च्याम्पियन बन्नुका साथै विभिन्न प्रतिष्ठित गोल्डकपमा उत्कृष्ट प्रदर्शन गर्दै आएको छ ।

विसं २०७१ अघि नमूना फुटबल क्लबका रूपमा परिचित क्लब हाल जिल्ला ए डिभिजन क्लबका रूपमा सक्रिय छ । अध्यक्ष रसिन लामा र उपाध्यक्ष शंकर सुवेदीको नेतृत्वमा रहेको क्लबले अन्जन राई, किशोर गिरी, विक्रम धिमाल, सलबहादुर धिमाल, पूर्ण चेम्जोङ, विवेक पौडेल र मौसम सुब्बाजस्ता प्रतिभावान् खेलाडी उत्पादन गरिसकेको छ। तीमध्ये केहीले राष्ट्रिय टोली र ए डिभिजन क्लबबाट व्यावसायिक फुटबल खेलेका छन् ।

विदेश पलायनको चुनौतीबीच पनि क्लबले नयाँ खेलाडी उत्पादनलाई निरन्तरता दिएको छ । प्रशिक्षक राजकुमार राईका अनुसार क्लबमा हाल १३ वर्षमुनिका २० भन्दा बढी बालबालिका र २५ वर्षमुनिका करिब २० खेलाडीले नियमित प्रशिक्षण लिइरहेका छन् । बर्खामा समेत पानी नजम्ने मैदान भएकाले छिमेकी पालिकाबाट समेत खेलाडी प्रशिक्षणका लागि आउने गरेका छन् ।

क्लबले स्थानीय प्रतियोगिताबाट संकलित रकम र सहयोगी दाताको सहयोगमा प्रशिक्षण सञ्चालन गरिरहेको उपाध्यक्ष सुवेदी बताउँछन् । खेलाडी घाइते हुँदा बेलबारी नगरपालिका र नेपाल फुटबल खेलाडी संघबाट आर्थिक सहयोग प्राप्त हुँदै आएको छ । क्लबले हालसम्म छ वटा प्रतिष्ठित गोल्डकप सफलतापूर्वक आयोजना गरिसकेको छ ।

मोरङ जिल्ला फुटबल संघका अध्यक्ष सञ्जीव बुढाथोकीका अनुसार सहरभन्दा मोफसलमा फुटबलप्रतिको आकर्षण बढ्दो छ । स्थानीय तह र फुटबल क्लबबीच समन्वय बढ्दै जाँदा प्रतियोगिता सञ्चालन सहज बने पनि आर्थिक अभावका कारण आवश्यक खेल सामग्री उपलब्ध गराउन भने अझै [illegible] उनले बताए ।

## सामान्य ज्ञान

**१. सबैभन्दा बढी वडासंख्या भएको महानगरपालिकामा कुन हो ?**

- *पोखरा महानगरपालिका*

**२. हालै सम्पन्न प्रदेशसभाको वैठकले प्रदेश २ को नाम के राखेको छ ?**

- *मधेश*

**३. सर्वप्रथम मानिसमा संगुरको मुटु प्रत्यारोपण गर्ने काम कहिले भएको हो ?**

- *जनवरी ७, २०२२*

**४. नेपाल एकीकरणका बेला त्रिशक्ति भनेर चिनिने राज्य कुन कुन हुन् ?**

- *पालपा, लमजुङ र तनहुँ*

**५, नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज कुन हो ?**

- *शे-फोक्सुन्डो राष्ट्रिय निकुञ्ज*

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईंहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।


सम्पर्क नम्बर : ९८४४६८०४९९

# प्रोस्टेट के हो ?



✍ डा. लेखनाथ नेउपाने

विषेश गरेर रातको समयमा बढी पिसाव लाग्ने, चाडो चाडो पिसव फेर्न उठनु पर्ने, पिसाव खुलेर नहुने, निक्कैबेर सम्म आईरहने, धारो सानो आउने, थोपा थोपा आउने, कन्नुपर्ने र कहिलेकाही ठाउमा पुग्न नभ्याईने, पिसाव गर्दा पोल्ने, रगत देखापर्ने जस्ता समस्या पुरूषहरूमा देखापर्छन । यही र यस्तै खाले समस्याहरूलाई प्रोस्टेटको समस्या भनिन्छ ।

चालीस वर्ष नाघीसकेका पुरूषहरूमा देखा पर्ने एउटा गम्भिर समस्या हो प्रोस्टेट । यो ग्रन्थि पुरूषमामात्र पाईने हुदा प्रोस्टेटलाई पुरूष ग्रन्थि पनि भनिन्छ । धेरैजसो पचाँस देखि सत्तरी वर्ष बीचका पुरूष यो र यस्तै खाले लक्षणहरू लिएर किल्निक धाउनेको सख्या दिन प्रतिदिन वढदै गएको देखिन्छ । यता अप्रेशन गराउनेको संख्या पनि बढदो छ । यसकासाथै यौन दुर्वलता पनि यही उमेरमा धेरै देखिएको छ । उमेरले डाँडा काटे पनि मन बुढो नहुने हुँदा हरेक खाले चाहना मानिसमा रहिरहन्छ । राती आन्नदले निदाउने कुरालाई प्रोस्टेटले रोक्न सक्छ । छिनछिनमा पिसव गर्न उठिरहनु पर्ने वाध्यताले अरू समस्या जन्मिन सक्छ ।

वास्तवमा प्रोसटेट के हो त? भन्ने आम मानिसमा जिज्ञास बढनु स्वभाविक हो । यो एउटा ग्रन्थि हो र यो पुरूषमामात्र हुन्छ । यो पिसावथैलि मुन्तिर पिसाव थैलीबाट निस्कने मुत्रनली(युरेटर)लाई घेरेर बसेको हुन्छ । जन्मेदेखिनै सानो आकारमा रहने यो ग्रन्थि उमेरसँगै बढछ । वयस्क उमेरमा यसको तौल २० या २२ग्राम सम्म पुग्छ । यो समान्य हो । जब यसको आकारमा बृदि हुदै जान्छ र व्यात्तिलाई असहज हुँदै जान्छ, जस्तै पिसाव छिनछिनमा लग्ने, राती निक्कै पटक उठनु पर्ने, पिसव फेर्न निक्कै समय लाग्ने, ननिश्चिएको महशुस हुने, फेरीसकेपछि पनि पुनः जाउ जाउ लाग्ने, रोक्न मुस्किल हुने, कसैकसैलाई यौन चाहना हराउने जस्ता लक्षणले सताउन थाल्छ । यस्ता लक्षण देखिएमा उपचारको आवश्यकता हुन्छ ।


कारणहरूः शरिरमा उत्पन्न हुने हर्मोन (रसराग) टेस्टोस्टेरोनको कमी हुदैजादा यो समस्या देखा पर्छ भने अर्को बंशाणुगत र पटक पटक पिसावमा देखिने संक्रमण अनि संक्रमणका कारण प्रोस्टेट सुन्निनु हो । यसरी नै नियोप्लाजम नामक कोषहरूको अनावस्यक बृदि हो । यस्तो अवस्थालाई फाइब्रोमायोएडिनोमा भनिन्छ । यसका साथै अन्य कारणहरू पनि हुनसक्छन ।

प्रकारः विषेश गरेर बेनाईन र कार्सिनोजेनिक अर्थात क्यान्सर हुने र नहुने रूपमा देखा पर्छ । कसैकसैमा प्रोस्टेट सुन्निएर नघटेको अवस्था पनि हुन्छ । यो अवस्थामा पनि माथीकै लक्षणहरू देखा पर्ने र ती लक्षणहरू रहिरहन सक्छन । हेर्दा आकार सामान्य भन्दा ठूलोमात्र भएको अवस्थामा पनि विरामीले नियमित जाँच भने गराउनु पर्छ । पुरूषहरूमा प्रोस्टेट क्यान्सर उच्च दरमा देखिएको छ । प्रोसटेट वढेको अवस्थामा जस्तै प्रोस्टेट क्यान्सरमा पनि तिनै लक्षणहरू देखिने हुँदा सजग रहनुपर्छ । जस्तै पिता पुर्खामा क्यान्सरको इतिहास, आफैमा क्यान्सरको उपचार चलिरहेको अवस्थामा या प्रोस्टेटको अप्रेशन पस्चात पनि उही समस्या देखिएमा पिसाव गर्दा पोल्ने या दुख्ने भएमा एक पटक जाँच गराउनु राम्रो हुन्छ । पिएसए यसको जााच हो जसले प्राष्टेट क्यानसर भए नभएको जानकारी दिन्छ ।

उपचारः बिरामीको उमेर, रोगीको अवस्था र प्रोस्टेटको आकारका आधारमा उपचार विधि अपनाईन्छ । विषेश गरेर औषधीको सेवन गरेर वढदै गरेको प्रोस्टेटलाई अरू वढन बाट रोक्ने । यदि औषधीले वढनबाट रोक्न सकेन र बिरामीलाई असहज भईरहेमा अप्रेशन अथवा वढेर गएको अनावश्यक कोषहरूलाई खुर्केर फ्याक्ने । दोस्रो अपचार सुन्दा सजिलो लागे पनि खर्चको अभावमा र सहज सेवा उपलब्ध नभएका कारण दुर-दराजमा वस्ने अधिकाश नागरिकहरूले यस्तो खालको सेवा लिन सकेका छैनन् । यसमा पनि अप्रेशन असफल हुने र समस्या दोहोरीने घटनाहरू बढी भएकाले धेरै रोगीहरू रोग सहेर बस्न बाध्य छन् । समय समयमा पुनः जाँच गराउनु पर्छ भन्ने ज्ञानको कमी र अभावले पनि उपचार असफल भएको पाइन्छ । एक पटक जाँच या अप्रेशन गराए पछि अब पुग्यो, जानु पर्दैन भनेर बस्नु राम्रो होइन । कम्तीमा पनि वर्षमा एक पटक जँचाउनु उचित हुन्छ । यसकासाँथै भविस्यमा प्रोस्टेट क्यान्सर हुन पनि सक्छ भन्ने कुरा ध्यानमा राखेर एउटा रगतको परिक्षण गराउनु राम्रो हो ।

यसरी नै बिना अप्रेशन धेरै प्रोस्टेट पिडितलाई राहत दिन सकिन्छ औषधीको माध्यमबाट पनि । होमियोप्याथिक, आर्युवेदिक तथा योग चिकित्साबाट हजारौ प्रोस्टेट रोगीहरूले राहत पाएका छन् । नियमित व्ययाम खानपिनमा सरलता अर्थात सहजै पच्नसक्ने साकाहरी भोजन एउटा सहज माध्यम हो । मासहारीले पनि पोलेको धेरै मसला भएको र पटक पटक पकाएको मासु नखाने । दैनिक फलफुलको मात्रा थोरै भए पनि सेवन गर्ने । एउटा अध्यायन अनुसार हाम्रो शरिरलाई आवश्यक पर्ने लाइकोपेन भन्ने तत्वको कमी भएमा शरिरमा विशेष गरेर प्रोस्टेटलाई क्यान्सर लाग्न सक्छ । यो हुनबाट बचाउछ लाइकोपेनले । र,लाइकोपेन भन्ने तत्व फलफुलमा पाईन्छ । जस्तै गोलभेडा, अमला, कागती, रूख टमाटर, स्याउ र धेरै बियाँ भएका तरकारी र पहेला फलफुलमा ।

त्यसैले बेलैमा रोगका बारेमा जानकारी राखेर आफ्नै घर र करेसा बारीमा उत्पादन हुने तरकारीको सेवन गरेर क्यान्सर जस्तो डरलाग्दो रोगबाट टाढा रहन सकिन्छ भने प्राकृतिक उपचर पद्वति अपनाएर अप्रेशनबाट केही हदसम्म बँच्न सकिन्छ । यसकासाँथै सहज जिवन बनाउन पनि सकिन्छ । जसरी जंगलमा चर्ने गाईबस्तु घासपातसँग मिसिएका जडीबुटी खाएर स्वस्थ हुन्छन त्यसरी नै हामी पनि सागसब्जी र फलफुलको सेवन गरेर स्वस्थ रहन सक्छौ । होमियोप्याथिक औषधीहरू प्रोस्टेट विरामका लागी निक्कै प्रभावकारी हुन्छन । ती मध्ये केहि यस प्रकार छन् । सेवल सेरूलेटा, थुजा, कोनियम, फेरम पिक्रिकम, बैराइटा कार्ब आदि । तर, होमियोप्याथिक चिकित्सामा विरामीको लक्षण र चिन्नका आधारमा औषधी दिइने हुँदा कुनै पनि औषधी चयन हुनसक्छ । त्यसैले चिकित्सकको सल्लाह बमोजिम मात्र औषधी सेवन गर्नुपर्छ ।



## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# राजनीतिसँग राजकाज

✍ रविन्द्र मिश्र

नेपालका एक जना जानेमानेका गणतन्त्रवादी कम्युनिस्ट नेताले समेत कैयौं पत्रकार उपस्थित भएको कार्यक्रममा 'नेपालमा राजा महेन्द्र जस्तो राजनेता त जन्मिएकै छैनन् भनेको मैले सुनेको छु । उनी आफू पढेलेखेको नभए पनि पढेका, लेखेका, देशविदेश देखेका, क्षमतावान्, प्रतिभाशाली सबैलाई सही ठाउँमा सही काम लगाउन जान्दथे । उनी राजा हुनाले उनमा राजश्री दम्भ त थियो नै । सम्भवतः त्यसैले हुनुपर्छ, उनले बिपी कोइरालासँग सन्तुलित सम्बन्ध राख्न सकेनन् । र अन्ततः प्रजातन्त्र नै खाइदिए । तर अन्य कामका हकमा उनको शैली र क्षमताबारे उनीसँग काम गरेकाहरू मुक्तकण्ठले प्रशंसा गर्छन् । राजा महेन्द्रसँग काम गरेका पूर्वमन्त्री तथा कूटनीतिज्ञ डा. भेखबहादुर थापाले एक ठाउँमा आफ्नो संस्मरणमा लगभग यसो भनेका छन्, 'कोदारी राजमार्ग निर्माणको अमेरिका र भारतले विरोध गरिरहेका थिए । एक पटक राजा महेन्द्रले मलाई भने- हेर भेखबहादुर, तिमी अमेरिकामा पढेको मान्छे, तिमीलाई अङ्ग्रेजी पनि राम्रो आउँछ । मलाई त अङ्ग्रेजी राम्रो आउँदैन । त्यसैले तिमी अमेरिका जाऊ र उनीहरूलाई कोदारी राजमार्ग हाम्रो भूराजनीतिक आवश्यकता हो, साम्यवाद भित्र्याउने बाटो होइन भनेर भनिदेऊ ।' त्यत्ति एउटा वाक्यबाट राजा महेन्द्रको काम गर्ने सोच र शैली प्रतिबिम्बित हुन्छ ।

राजकाजबारे यस्ता बुँदा थपिँदै जान सक्छन् । तर मैले समग्रमा पाँच बुँदामा मात्र यो आलेखलाई सीमित राख्न चाहें । किनभने ती पाँच बुँदाले उल्लिखित जेरल्ड कोफमनले आफ्नो पुस्तकमा चर्चा गरेलगायत अन्य धेरै आधारभूत विषय समेट्छन् । हाम्रा नेतालाई राजनीतिसँगै राजकाज नसिकाउने र उनीहरूले पनि त्यसमा विशेष ध्यान नपुर्‍याउने हो भने बहुमतप्राप्त स्थिर सरकारले पनि विकास नदिने स्पष्ट छ । त्यसो भयो भने, नेपालमा बग्रेल्ती र ाजनीतिकर्मीहरू जन्मिरहनेछन्, कोही राजनेता हुनेछैनन् ।

**स्वास्थ्य किन राज्यकै दायित्व ?**

लन्डनमा एक दिन दिउँसोको खाना खानेबित्तिकै असह्य गरी छाती दुख्यो । तुरून्तै नियमित जाने नजिकैको डाक्टरकहाँ गएँ । छाती दुखेको हुनाले लाइन बस्न परेन । भित्र जानेबित्तिकै डाक्टरले सबै सोधिन् । त्यतिन्जेल दुख्न अलि कम भइसकेको थियो । तैपनि उनले एक पटक अस्पताल गएको राम्रो भन्दै ट्रेनबाट १० मिनेट परको अस्पताल जान सुझाइन् । म निस्किन लागेको थिएँ, उनको मनमा के परेछ 'अस्पतालमा छातीका बिमारी आउँदै छन् भनेर फोन गरिदिन्छु भनिन् । म उनलाई धन्यवाद दिँदै फेरि निस्किन लागेको थिएँ, उनको मनमा के परेछ, 'होइन, पर्खनोस्, म एम्बुलेन्स बोलाउँछु भनिन् । क्रमशः...

छातीको मामिला, कुरा अलि गम्भीर नै जस्तो छ भनेर म झस्किएँ । झस्किएको दुई मिनेटभित्र ट्वाँट्वाँ गर्दै मोटरसाइकलमा आपत्कालीन स्वास्थ्यसेवीहरू आइपुगे । उपकरणहरू झिकेर मलाई जाँच्न थालिहाले । त्यसको अर्को दुई मिनेटमा एम्बुलेन्स आइपुग्यो । मलाई एम्बुलेन्समा के राखेका थिए, वरिपरिबाट छाती र कताकता हो सबैतिर उपकरण जोडेर हुइँक्याइहाले । त्यतिन्जेल मेरो छाती दुख्न झनै कम भइसकेको थियो ।

अस्पतालको आपत्कालीन कक्षअगाडि एम्बुलेन्स के रोकिएको थियो, दुई जना सहयोगी स्ट्रेचर लिएर हुत्तिदै आए । म हिँडेरै जान सक्छु भनेको मान्दै मानेनन् । आपत्कालीन कक्षमा के पुगेको थिएँ, मेरो शरीरमा कताकताबाट केके जोडे, थाहा छैन । त्यसको केही छिनमा एक्सरे पनि गरे ।

## मनोरञ्जन

# फिल्म 'तरङ्ग'को पोस्टर सार्वजनिक

**दमक/** फिल्म 'तरङ्ग' आगामी मङ्सिर १८ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले शुक्रबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेको हो । दुई दशकदेखि रङ्गमञ्चमा लेखन, निर्देशन तथा अभिनयमा सक्रिय कलाकार प्रदीपकुमार चौधरी 'पिके डन'ले फिल्म निर्देशन गरेका हुन् । चौधरीको यो निर्देशनमा डेब्यु फिल्म हो ।




देवदत क्रियशनको ब्यानरमा निर्माण भएको फिल्मलाई श्रीराम बालाजी फिल्मको लागि सुनिल मानन्धरले वितरण गर्दै छन् । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार वरूण अधिकारी, रविना केसी, बारात लिम्बु र कृष्ण थापा फिचर्ड छन् । यो फिल्ममा सारा राई, उज्जल बान्तवा राई, उदय सुब्बा, कुन्दन थारु, उत्तम गुरूङ, जोहन सञ्जोग, विशाल सेनेहाङ्ग र बाल कलाकार प्रन्शु चौधरीको अभिनय छ ।

तर्कराज जोशी र जितेन्द्रकुमार चौधरी निर्माता रहेको फिल्मका कार्यकारी निर्माता हरिनारायण चौधरी हुन् । महेश पौडेलले छायांकन गरेको फिल्ममा सन्देश शाहको सम्पादन, सम्राट बस्नेतको एक्सन, मनोज थापामगर, पवन गिरी र मनोज महतोको संगीत समावेश छ । मोरङ, सुनसरी, पाल्पा, रूपन्देही, चितवन र कास्कीमा छायांकन गरिएको फिल्मलाई निर्देशक चौधरीले सुपर नेचुरल लभस्टोरी (अलौकिक प्रेम कथा)को संगम भनेका छन् । समाजमा देखिँदै आएको भोग्दै आएको भन्दा भिन्न प्रकृतिको प्रेमकथामा फिल्म तयार भएको उनको भनाइ छ । यो फिल्मको निर्माणमा देवदत क्रियशनसँग एवी फिल्मीले सहकार्य गरेको छ ।

## धर्म/संस्कृति

# हिन्दू धर्मका दश अनौठा तथ्यहरू

१. हिन्दू धर्म थाहा भएसम्म सबैभन्दा पूरानो धर्म हो जसका कारण यसलाई सनातन धर्म पनि भनिँदै आएको छ । यसको उत्पति १० हजार वर्षअघि भएको थियो भने यसका साहित्यिक कृतिहरूलाई इसा पूर्व ७ हजारभन्दा अघि रचिएको मानिन्छ ।

२. हिन्दू धर्मलाई इसाई धर्म र मुस्लिम धर्मपछिको सबैभन्दा ठूलो धर्म मानिन्छ । विश्वभरि १४ प्रतिशत मानिसहरू हिन्दू धर्मावलम्बी रहेका छन् ।

३. योगा, प्रणायाम, ज्योतिषशास्त्र, अंकशास्त्र, हस्तरेखा विज्ञान तथा वास्तुशास्त्र जस्ता विज्ञान तथा शास्त्रहरू हिन्दू संस्कृति तथा जीवनपद्धतिबाट उत्पति भएका हुन् ।

४. संसारको सबैभन्दा ठूलो मन्दिर भारतमा होइन, कम्बोडियाको अंगकोरमा पर्दछ ।

५. नेपालको उत्पति हिन्दू ऋषि ने मुनीले गरेका हुन् भन्ने मिथ्य रहेको छ ।

६. हिन्दू धर्ममा, महिला र पुरूष दुवैलाई समान मानिन्छ । महिलालाई पनि भगवतीको रूपमा पूजा गर्ने चलन हुन्छ, जुन यस धर्मको मुख्य विशेषता पनि हो ।

७. हिन्दू धर्ममा आधारित मन्दिरहरूको वास्तुकला आकर्षक सज्जावट मात्र होइनन्, ऊर्जाको केन्द्र पनि हुन् र विशेष वैज्ञानिक महत्व राख्दछन् भन्ने कुरा प्रमाणित भइसकेको छ । मन्दिर निर्माणमा प्रयोग हुने फलामदेखि निर्माणको ढाँचासम्मले पनि सकारात्मक ऊर्जा संचारित गर्दछ भन्ने कुरा प्रमाणित भइसकेको छ ।

८. आदर्श हिन्दू धर्मको चार मुख्य उद्देश्यहरू धर्म, अर्थ, कर्म तथा मोक्ष हुन् ।

९. 'कर्म' शब्द राम्रो वा नराम्रो काम भन्ने अर्थ बुझाउने हिन्दू अवधारणाबाट आएको शब्द हो ।

१०. बौद्ध धर्मको उद्‌भव हिन्दू धर्मबाटै भएको मान्ने गरिन्छ । हिन्दू धर्मको विकल्पको रूपमा बौद्ध धर्मको सुरूवात भएको हो भन्ने मान्नेहरू पनि छन् । बौद्ध धर्म भारतबाट प्रचारित हुँदै एसियाभर पुगेको थियो ।


## विश्वकप विशेष

# जापानको दबदबा




# जर्मनी हारेर पनि समूह विजुता

**एजेन्सी ।** फिफा विश्वकपको समूह 'ई'मा जापानले शतप्रतिशत जितसहित समूह विजेताका रुपमा नकआउट चरणमा प्रवेश गर्दा अर्को निर्णायक खेलमा इक्वेडरले जर्मनीलाई २-१ ले स्तब्ध पार्दै ऐतिहासिक रूपमा अन्तिम १६ मा स्थान सुरक्षित गरेको छ । जर्मनी पराजित भए पनि उत्कृष्ट गोल अन्तरका आधारमा समूह विजेताकै रूपमा अघिल्लो चरणमा पुग्न सफल भयो भने इक्वेडर उत्कृष्ट तेस्रो स्थानमा रहने टोलीमध्ये एक बन्दै नकआउट चरणमा प्रवेश गर्‍यो ।



न्युजर्सी स्टेडियममा भएको खेलको दोस्रो मिनेटमै ˆलोरियन विट्‌र्जको पासमा लेरोय सानेले गोल गर्दै जर्मनीलाई अग्रता दिलाएका थिए । सानेको यो प्रमुख अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलो गोल हुनुका साथै सन् १९३४ यता विश्वकपमा जर्मनीले गरेको सबैभन्दा छिटो गोलसमेत बन्यो ।

तर सुरूआतमै पछि परेको इक्वेडर दबाबमा परेन। नवौं मिनेटमा निलसन एन्गुलोले शानदार प्रहारमार्फत बराबरी गोल फर्काए । दोस्रो हाफको सुरूवातमा जर्मनीले पाएको पेनाल्टी भिएआर परीक्षणपछि रद्द भएपछि खेल थप रोमाञ्चक बनेको थियो ।

खेलको ७७औं मिनेटमा केभिन रोड्रिगेजको ि लकलाई गोन्जालो प्लाटाले उत्कृष्ट रूपमा सदुपयोग गर्दै निर्णायक गोल गरे । त्यसपछि जर्मनीले बराबरी गर्ने प्रयास गरे पनि सफल हुन सकेन । यस जितसँगै सुरूआती दुई खेलमा गोल गर्न नसकेको इक्वेडरले निर्णायक खेलमा पुनरागमन गर्दै नकआउट चरणमा स्थान बनायो । जर्मनी भने हारका बाबजुद ६ अंक र उत्कृष्ट गोल अन्तरका आधारमा समूह विजेता रह्यो। समान ६ अंक जोडेको कोट डिभ्वार दोस्रो स्थानमा रहँदै अघिल्लो चरणमा प्रवेश गर्दा जापान समूहको शीर्ष टोलीका रूपमा नकआउट चरणमा पुग्यो ।




आज मिति
२०८३ साल
असार १३ गते
शनिबार
27 June, 2026
तिथिः त्रयोदशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मानसम्मान प्राप्त हुने आम्दानी बढ्न सक्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | खर्च बढ्ने कार्यमा ढिलाई । |
| मिथुन | का कि कु घ ङ छ के को हा | आफ्नो प्रतिभा बढ्ने आफन्तबाट सहयोग । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | नोकरीको अवसर धर्ममा मन लाग्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | अध्ययनमा सफलता राजा पक्षबाट सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पढाईमा मन लाग्ने व्यापारबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | साहसिक काम गर्ने दिन मावलीबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शैक्षिक मार्गमा सफल आफन्तको सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | शेयर बजारमाबाट लाभ पियजनसँग विवाद । |
| मकर | भो जा जी खि खू खे खो गा गी | शत्रु लाग्न सक्ने सामान्य लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | जिवन साथीबाट सहायेग कारोबारमा सफलता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आयमा बृद्धि मान्यजनको सहयोग । |

# कमल गापाले ल्यायो ८३ करोड ६९ लाख बढीको बजेट




**कमल/** झापाको कमल गाउँपालिकाको १९औँ गाउँसभा अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ८३ करोड ६९ लाख ५३ हजार १७८ रूपैयाँको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । गाउँपालिकाले कृषि उत्पादन वृद्धि, स्वास्थ्य सेवा सुदृढीकरण, पर्यटन विकास र भौतिक पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले सभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि, उत्पादनमा आधारित अनुदान, व्यावसायिक खेती प्रवर्द्धन, कृषि सिँचाइ महसुलमा सहुलियत तथा कृषिको यान्त्रीकरणलाई प्राथमिकता दिइने बताए ।

पशु विकासतर्फ उद्यमशीलता प्रवर्द्धन, दुग्ध तथा पशुजन्य उत्पादनको बजारीकरण, सुत्केरी पशु पोषण कार्यक्रम, बाँझोपन निवारण, पशु स्वास्थ्य शिविर, रेबिज नियन्त्रण तथा नस्ल सुधार कार्यक्रम सञ्चालन गरिने नीति पनि सार्वजनिक गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा कमल नगर अस्पतालबाट आवश्यक जनशक्ति र उपकरणसहित २४सै घण्टा सेवा सञ्चालन गर्ने, स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिने, गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार सुधार गर्ने तथा लखनपुर स्वास्थ्य चौकीको नयाँ भवनबाट सेवा सञ्चालन गर्ने योजना अघि सारिएको छ ।

पर्यटनतर्फ साधुहोली सिमसार र कमल पोखरीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई सङ्घीय सरकारको मापदण्डअनुसार व्यवस्थापन गरिने नीति लिइएको छ । साथै सामुदायिक विद्यालय सुधार, युवालाई रोजगारी सिर्जना, खेलकुद विकास तथा भौतिक पूर्वाधार विस्तारका कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ ।

उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले प्रस्तुत गरेको बजेटअनुसार आन्तरिक राजस्वबाट ५ करोड ९४ लाख ७० हजार ५ रूपैयाँ, राजस्व बाँडफाँटबाट १४ करोड ८८ लाख २ हजार १८७ रूपैयाँ, अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट १६ करोड १९ हजार रूपैयाँ, सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमका लागि ४४ करोड ६९ लाख रूपैयाँ तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमका लागि २ करोड १७ लाख ५७ हजार रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ ।

व्ययतर्फ सङ्घीय चालुतर्फ ४२ करोड ३९ लाख रूपैयाँ, सङ्घीय पुँजीगततर्फ २३ करोड रूपैयाँ, प्रदेश चालुतर्फ ३८ लाख ५७ हजार रूपैयाँ, प्रदेश पुँजीगततर्फ १ करोड ७९ लाख रूपैयाँ, पालिकाको चालुतर्फ १२ करोड २३ लाख ३० हजार रूपैयाँ तथा पालिकाको पुँजीगततर्फ २४ करोड ५९ लाख ६६ हजार १७८ रूपैयाँ विनियोजन गरिएको छ ।

प्रस्तुत नीति, कार्यक्रम र बजेटमाथि गाउँसभामा छलफलपछि पारित गर्ने प्रक्रिया अघि बढाइने गाउँपालिकाले जनाएको छ ।

# इलाममा हात्तीपाइले नमूना परीक्षण

**इलाम/** आगामी सन् २०३० सम्ममा नेपालबाट हात्तीपाइले रोग निवारण गर्ने सरकारको लक्ष्य अनुसार इलाममा बालबालिकामा नमुना परिक्षण गरिने भएको छ । इलाममा सन् २०१२ बाट शुरूगरिएको हात्तीपाइले निवारण अभियानमा यो वर्ष अन्तिम सर्वेक्षण रहेको जनाइएको छ ।

इलाममा न्यून सङ्क्रमण भएकाले यसपटक कक्षा एक र दुईका बालबालिकाको रगत परीक्षण गरेर सर्वेक्षण गरिने जिल्ला स्वास्थ्य कार्यालय इलामका प्रमुख आदित्य शाक्यले जानकारी दिए । शाक्यले यसअघि इलाममा १२ जना पुराना बिरामी भएपनि उनीहरूले औषधी सेवन गरिरहेको बताए ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय अन्तर्गत कीट जन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौँडाले जिल्लाका ५९ विद्यालयका कक्षा एक र दुईका बालबालिकाको परिक्षण गर्न लागेको हो ।

परिक्षरणका क्रममा छ जना भन्दा कम व्यक्तिमा हात्तीपाइलेको सङ्क्रमणको सम्भावना देखिए त्यसलाई सकारात्मक मानिने जिल्ला स्वास्थ्य प्रमुख शाक्यले बताए । कीट जन्य रोग अनुसन्धान तथा तालिम केन्द्र हेटौँडाले अभिमुखीकरण कार्यक्रम गरि जिल्लाका सरोकारवालालाई हात्तीपाइले सर्वेक्षणका विषयमा जानकारी गराएको छ ।

***विष्णु....*** अदालतले अनुसन्धानका लागि सात दिन हिरासतमा राख्न अनुमति दिएको छ । नेता पौडेलविरूद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गरिरहेको

***अझैं......*** *पनि संसद,* सडक र आगामी निर्वाचनमा सहकार्य हुने खुलासा गरे । समाजवादी मोर्चामा रहेका दलहरूसँग छिट्टै एकता हुने जानकारी दिँदै उनले मुद्दाका आधारमा नेपाली कांग्रेस र मधेशवादी दलहरूसँग पनि मोर्चा बनाएर अघि बढ्न सकिने बताए ।

***रास्वपा...*** कम खसेको हो । यसअघि सभापतिमा रवि लामिछाने र पुरुष उपसभापतिमा स्वर्णिम वाग्ले निर्विरोध निर्वाचित भइसकेका छन् । पदाधिकारी निर्वाचनसँगै रास्वपाले पहिलो राष्ट्रिय महाधिवेशनमार्फत नयाँ नेतृत्व चयनको प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

खेलकुद

## भागवण्डामा जिल्ला खेलकुद समितिमा नयाँ नेतृत्व

**झापा/** कोशी प्रदेश खेलकुद विकास बोर्ड मातहतका जिल्ला खेलकुद विकास समितिहरूले लामो समयपछि नेतृत्व पाएको छ । बोर्डका सदस्य सचिव विप्लव घोषले बिहीबार १२ जिल्लामा अध्यक्ष नियुक्त गरेसँगै गत चैतदेखि नेतृत्वविहीन बनेका समितिहरूले पूर्णता पाएको हो । सदस्य सचिव नियुक्तिमा भएको ढिलाइका कारण जिल्ला खेलकुद विकास समितिहरु लामो समयदेखि नेतृत्वविहीन थिए ।

प्रदेशमा सत्ता साझेदार दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच ६-६ जिल्लाको भागबन्डामा सहमति भएपछि नियुक्ति प्रक्रिया अघि बढाइएको हो । बोर्डको निर्णयअनुसार विवाद र कानुनी जटिलताका कारण मोरङ र खोटाङमा भने तत्काल नेतृत्व परिवर्तन नगर्ने सहमति भएको छ ।

मोरङका वर्तमान अध्यक्ष इन्द्र लामा उच्च अदालतको आदेशबाट पुनर्बहाली भएका कारण यथावत् रहने भएका छन् । खोटाङका अध्यक्ष रमेश राईलाई पनि तत्काल नहटाउने निर्णय गरिएको छ ।

दुई दलको सहमति अनुसार एमालेले धनकुटा, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, इलाम र झापामा समितिले नेतृत्व पाएको छ । धनकुटामा मनोजकुमार राई, ताप्लेजुङमा चन्द्र कुमार थेबे, संखुवासभामा लक्ष्मण लिङथेव, सोलुखुम्बुमा अर्जुन रोक्का, इलाममा यतिराज का ले र झापामा शेखर कँडेल नियुक्त भएका छन् । कांग्रेसको भागमा सुनसरी, ओखलढुंगा, उदयपुर, तेह्रथुम, पाँचथर र भोजपुर परेका छन् ।

# टिपरको ठक्करबाट बालिकाको मृत्यु

**झापा/** टिपरको ठक्करबाट झापाको बिर्तामोड नगरपालिका-३ हटियालाइनस्थित अदुवाखोला पुल नजिक एक बालिकाको मृत्यु भएको छ । यसरी ज्यान गुमाउनेमा बिर्तामोड नगरपालिका-३ की १० बर्षिया अनुकृति चापागाई रहेकी जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीका अनुसार रामचोकबाट भद्रपुरतर्फ जाँदै गरेको मे १ क ६४३ नम्बरको गिट्टी बोकेको टिपरले पैदल हिँडिरहेकी अनुकृतिलाई ठक्कर दिएको थियो । गम्भीर घाइते भएकी अनुकृतिलाई उपचारका लागि बिर्तासिटी अस्पताल पुऱ्याइएको थियो । अस्पतालमा चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

घटनापछि बालिकाको शव अस्पतालको शवगृहमा राखिएको छ । टिपर चालक बुद्धशान्ति गाउँपालिका-१ का ५३ वर्षीय श्यामप्रसाद दाहाललाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

***प्रहरी....***

त्यस्तै भद्रपुर नगरपालिका वडा नं. ७ बस्ने सुनिल धिमालको साथबार्ट प्लाष्टिकबाहेक २ ग्राम १० मिलिग्राम ब्राउन सुगर बरामद हुँदा मेचीनगर नगरपालिका वडा नं.१० बस्ने ३२ वर्षीय अस्पात शेखको साथबाट प्लाष्टिकबाहेक १ ग्राम ८० मिलिग्राम ब्राउन सुगर फेला परेको छ ।

त्यस्तै मेचीनगर नगरपालिका वडा नं. १० बस्ने ३० वर्षीय गोरू भन्ने नसरू मियाँ र सोही ठाउँ बस्ने बर्ष ६० की अक्लिमा खातुनको साथबाट प्लाष्टिकबाहेक २ ग्राम १३० मिलिग्राम ब्राउन सुगर भेटिएको छ ।

त्यस्तै पाँचथर फिदिम नगरपालिका वडा नं. १२ बस्ने २४ वर्षीय हितेश तावाहाङ र फिदिम ५ बस्ने १९ वर्षीय निरोज तामाङको साथबाट १ ग्राम २९० मिलिग्राम , इलाम चुलाचुली गाउँपालिका वडा नं. ३ बस्ने २६ वर्षीय विवेक राईको साथबाट ३ ग्राम , अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने २६ वर्षीय प्रबिण श्रेष्ठ र बिर्तामोड नगरपालिका वडा नं. ५ बस्ने २८ वर्षीय रोशन श्रेष्ठको साथबाट ४ ग्राम ६३० मिलिग्राम ब्राउन सुगर बरामद गरिएको डीएसपी अवाले जानकारी दिएका छन् ।

***धिमाल.....***

*लागि सुरुमा १० घर छनोट गरिएका थिए । तीमध्ये सूर्यबहादुर धिमाल, सूर्यमाया धिमाल, सकेन्द्र धिमाल, नगेन्द्र धिमाल र जोगेन्द्र धिमालले आफ्ना घरलाई होमस्टेका रूपमा तयार गरिएको छ । उनका अनुसार होमस्टे निर्माणमा कुल ३ लाख २६ हजार ७६३ रुपियाँ खर्च भएको छ । बेलबारी नगरपालिकाले २ लाख रुपियाँ अनुदान उपलब्ध गराएको थियो भने बाँकी १ लाख २६ हजार ७६३ रुपियाँ स्थानीय समुदायले व्यवस्थापन गरेको हो । पाँचवटा घरमा दुईदेखि तीनवटा शयनकक्ष तथा भित्रै शौचालयको व्यवस्था गरिएको छ ।*

## उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने रन्जु श्रेष्ठको नाममा दर्ता कायम रहेको मधुमल्ला५/छ मा भएको कि.नं. ४९१५ ज.वि. ०-०-१२-२मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्बतर्फ सँधियार धनेश्वर दाहाल पश्चिम तर्फ कृष्ण गोपाल दाहाल दक्षिण तर्फ मोहन न्यौपाने उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ।

**सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-५, मोरङ्गको**

## ऋण नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०३।१३ गते पूर्वसन्देश दैनिक

यस सहकारी संस्थाबाट तपशीलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत तिर्न/बुझाउन पटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाई ऋण कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (**कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत**) चुक्ता गर्न हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम कर्जा असुल उपर गरिने ब्यहोरा सम्बन्धित तपशीलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| ऋणीको नाम, थर र वतन | धन जमानीको नाम, थर र वतन |
|---|---|
| **१) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : दिल कुमार श्रेष्ठ | नाम : कल्पना गुरुङ |
| बुवा : उत्तमराज श्रेष्ठ | बुवा : तिलक बहादुर गुरुङ |
| बाजे : तिर्थराज श्रेष्ठ | पति: दिल कुमार श्रेष्ठ |
| वतन : उर्लाबारी-४, मोरङ | वतन : उर्लाबारी-४,मोरङ |
| ना.प्र.नं. : २००६/७१६४ | ना.प्र.नं. : ०५२००६/३८९९४ |
| जारी मिति : २०६७।०७।२८, मोरङ | जारी मिति : २०६४।०२।३१,मोरङ |
| **२) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : बिनोद खड्गी | नाम : रोसन खड्गी |
| बुवा : शत्रुघन खड्गी | बुवा : थिर बहादुर खड्गी |
| बाजे : जुठ बहादुर खड्गी | पति: बिनोद खड्गी |
| वतन : उर्लाबारी-७, मोरङ | वतन : उर्लाबारी-७,मोरङ |
| ना.प्र.नं. : ०५-०२-७३-०५९७० | ना.प्र.नं. : ३३६१७/५३३ |
| जारी मिति : २०७३।१२।१३, मोरङ | जारी मिति : २०४४।१२।९,ईलाम |
| **३) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : विप्लव थापा | नाम : रोशु कार्की |
| बुवा : शंकर बहादुर थापा | बुवा : योगराज कार्की |
| बाजे : मदन बहादुर थापा | पति: विप्लव थापा |
| वतन : उर्लाबारी-५, मोरङ | वतन : उर्लाबारी-५,मोरङ |
| ना.प्र.नं. : ७८२३०६३२ | ना.प्र.नं. : ०४-०२-७२-०१२४० |
| जारी मिति : २०६१।९४।१४,सर्लाही | जारी मिति : २०७२।०३।७, झापा |
| **४) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : पुष्पा शाक्य | नाम : सुनिल शाक्य |
| बुवा : हिराकाजी शाक्य | बुवा : धन बहादुर शाक्य |
| पति : शुनिल शाक्य | हजुरबुवा: लाल बहादुर शाक्य |
| वतन : उर्लाबारी-७, मोरङ | वतन : उर्लाबारी-७,मोरङ |
| ना.प्र.नं. : ३१०८०/०३३६४ | ना.प्र.नं. : ८५०६ |
| जारी मिति : २०६३।४।८,सुनसरी | जारी मिति : २०५९।०७।११, मोरङ |
| **५) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : रविन खुलाल | नाम : रुपेश खुलाल |
| बुवा : खगेन्द्र खुलाल | बुवा : खगेन्द्र बहादुर खुलाल |
| हजुरबुवा : नरबहादुर खुलाल | हजुरबुवा: नर बहादुर खुलाल |
| वतन : उर्लाबारी-७, मोरङ | वतन : उर्लाबारी-७,मोरङ |
| ना.प्र.नं. : ०५२००४/२१९५ | ना.प्र.नं. : ०५३००४/२१३१ |
| जारी मिति : २०६६।२।३१,मोरङ | जारी मिति : २०६३।१०।१५, मोरङ |
| **६) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : सुवास सुवेदी | नाम : निलिमा दुलाल सुवेदी |
| बुवा : कृपाल प्रसाद सुवेदी | बुवा : चुडामणि दुलाल |
| हजुरबुवा : देवी प्रसाद सुवेदी | पति: सुवास सुवेदी |
| वतन : दमक-१०, झापा | वतन : दमक-१०,झापा |
| ना.प्र.नं. : ०४२०४४/२२४६ | ना.प्र.नं. : ०४-०२-७१-००१३५ |
| जारी मिति : २०६६।१।६,झापा | जारी मिति : २०७१।०४।१९, झापा |
| **७) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : भुवनसिंह लिम्बू | नाम : निर्मला थापा |
| बुवा : विष्णु प्रसाद लिम्बू | बुवा : रणबहादुर थापा |
| हजुरबुवा : कृष्ण बहादुर लिम्बू | पति: भुवन सिंह लिम्बू |
| वतन : पथरी शनिश्चरे-१, मोरङ | वतन : पथरी शनिश्चरे-१, मोरङ |
| ना.प्र.नं. : १८४८/५४१ | ना.प्र.नं. : ०५३०२८/१२४४ |
| जारी मिति : २०५१।११।२१,मोरङ | जारी मिति : २०६२।१२।१०, मोरङ |
| **८) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : सुष्मा बस्नेत | नाम : मणिराज गौतम |
| बुवा : सूर्य बहादुर बस्नेत | बुवा : भुपाल सिंह गौतम |
| पति : मणिराज गौतम | हजुरबुवा: खड्गसिंह गौतम |
| वतन : उर्लाबारी-५, मोरङ | वतन : उर्लाबारी-५, मोरङ |
| ना.प्र.नं. : ००२०४४/३४९८ | ना.प्र.नं. : १९४४/४७५ |
| जारी मिति : २०६६।१२।२२,झापा | जारी मिति : २०५१।१२।९, मोरङ |
| **९) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : हरि प्रसाद प्रसाई | नाम : हिमकला खरेल |
| बुवा : डिल्ली प्रसाद प्रसाई | बुवा : कृष्ण कुमार खरेल |
| हजुरबुवा : बलभद्र प्रसाई | पति: हरि प्रसाद प्रसाई |
| वतन : दमक-८, झापा | वतन : दमक-८, झापा |
| ना.प्र.नं. : ४९८५२३५/०४४ | ना.प्र.नं. : २७३९/७७३९ |
| जारी मिति : २०५४।१०।२८,झापा | जारी मिति : २०५४।७।११,सुनसरी |
| **१०) ऋणीको नाम, थर र वतन** | **धन जमानीको नाम, थर र वतन** |
| नाम : निशाना पाण्डे | नाम : सुमन कुमार थापा |
| बुवा : तिलप्रसाद पाण्डे | बुवा : भीम बहादुर थापा |
| हजुरबुवा : दिलदास पाण्डे | पति: रुद्र बहादुर थापा |
| वतन : उर्लाबारी-५, मोरङ | वतन : उर्लाबारी-५, मोरङ |
| ना.प्र.नं. : ०५२०४३/११६९२ | ना.प्र.नं. : १९/२०९६/२३० |
| जारी मिति : २०६८।२।३०,मोरङ | जारी मिति : २०६८।०२।१२,सर्लाही |

**सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-५, मोरङ (सर्म्पक नं. ०२१-५४३०१४)

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल